बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश नेपाल
२०७३

ऐन ३
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७५।३।२६

# बागमती नगरपालिकाको आर्थिक ऐन, २०७५

सभाबाट स्वीकृत मिति :२०७५/३/१५

## बागमती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः बागमती नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बागमती नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बागमती नगरपालिकाको आर्थिक ऐन, २०७५ " रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि बागमती नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२.सम्पति करः नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असूल उपर गरिनेछ ।

३.मालपोत वा भूमिकर : नगरपालिकाका क्षेत्रभित्र आ.वा.२०७४/७५ सम्मको मात्र अनुसूची (२) बमोजिम मालपोत वा भूमिकर कर लगाइने र असूल उपर गरिनेछ ।

४.घर जग्गा बहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५.व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४ ) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६.सवारी करःनगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५ ) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

७.बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६ ) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८.पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९.जडिबुटी, कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूचि (८ ) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१०.सेवा शुल्क वा दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ र अनुसूची १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

११ .प्रदुषण शुल्क : नगरपालिका क्षेत्र भित्र अनुसूची ११ बमोजिम प्रदुषण लगाइने र असूलउपर गरिनेछ ।

१२ .नगरपालिकाको स्वामित्वमा रहेको सटर भाडा तथा निर्माण सम्पन्न भएको पब्लिक रिफ्रेश कम्प्लेक्स तथा यस ऐनमा छुट भएक बिषयहरुको हकमा नगरकार्यपालिकाले तय गरे बमोजिम हुने छ ।

१३ .नेपाल सरकार तथा प्रदेश सरकारले मापदण्ड निर्धारण गरेको बिषयमा सोहि बमोजिम हुनेछ ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश नेपाल
२०७३

## अनुसुचि १
## एकिकृत सम्पती कर

१) <u>एकीकृत सम्पत्ति कर :</u> घर जग्गाको मुल्यांकनको आधारमा तपशिल बमोजिम एकिकृत सम्पती कर लाग्ने छ। जग्गाको मूल्यांकन, संरचनाको मुल्यांकन , संरचनाको ह्रास कटीको ब्यवस्था तपशिल बमोजिम हुने छ साथै नगरकार्यपालिकाले नियम बनाइ यसको थप ब्यवस्था गरि लागु गर्न सक्ने छ।

क) एकिकृत सम्पति करको दर

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५० ( पचास ) |
| छ लाख देखि २५ लाख रुपैया सम्म | प्रति लाख रु. १५ (रु पन्ध्र ) |
| छब्बिस लाख देखि ५० लाख सम्म | प्रति लाख रु. २० (रु बीस ) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पचिस ) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. ३० (रु तीस ) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु. ४० (रु चालिस ) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५ (रु पैतालिस ) |
| पाँच करोड भन्दा माथि | प्रति लाख रु. ५० (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

ख) जग्गाको मुल्यांकन

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठा रु |
|---|---|---|
| क. ब्यापारिक क्षेत्र | हरिवन खोला देखि राज मार्गको दायां बायां राजमार्गसंग जोडिएको डुमाजोर खोला सम्म | १०,००,०००।००( दश लाख) |
| | राजमार्गले छोएको डुमाजोर खोला देखि बागमती पुलसम्म | १५,००,०००।००( पन्ध्र लाख) |
| | पुतली चोक देखि नहर सम्म क्षेत्रीय बाटोले छोएको | १०,००,०००।००( दश लाख) |
| | शंकरपुर बजारबाट २०० मी. वरपर सडकले छोएको | ७,००,०००।००( सात लाख) |
| ख) आवासिय क्षेत्र | पक्की वा पीच बाटोले छोएको दायां बायां राजमार्गबाट ५००मी. सम्म | ५,००,०००( पांच लाख) |
| | ग्रेभल बाटोले छोएको दायांबायां राजमार्गबाट ५०० मी. दायांबायां। | ४,००,०००( चार लाख) |
| | पक्कि बाटोले छोएको बांकी स्थान | ३,००,०००।००( तीन लाख) |
| | ग्रेभल बाटोले छोएको बांकी स्थान | २,००,०००।००( दुइ लाख) |
| ग) कृषि क्षेत्र | सडक नपुगेको कर्मैया र डुंग्रेखोला क्षेत्र | १००,०००।००( एक लाख) |
| | सडक नपुगेको शंकरपुर क्षेत्र | ८०,०००।००( असी हजार ) |
| | सडक नपुगेको राजघाट क्षेत्र | ७५००००( पचहत्तर हजार) |
| घ) वन तथा बगर क्षेत्र तथा पाखो क्षेत्र | सडकले छोएको | १५,०००।००( पन्ध्र हजार) |
| | सडक नपुगेको | १०,०००( दश हजार) |

### ग) संरचनाको न्युनतम मुल्यांकन हद

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | एक मुष्ठ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्ट्क्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ८०० | ७५० | ७२५ | ६७५ | ५२० | ४८० | ३९० | ३६० | रु १००००००।०० | रु.५०००००।०० |
| ख | आवासीय क्षेत्र | ७०० | ६५० | ६२५ | ५७५ | ४४० | ४०० | ३३० | ३०० | रु ५०००००।०० | रु.३०००००।०० |
| ग | कृषि क्षेत्र | ६०० | ५५० | ५२५ | ४७५ | ३६० | ३२० | २७० | २४० | रु ४०००००।०० | रु.२०००००।०० |
| घ | वन तथा बगर क्षेत्र। भिर पाखा | ४०० | ३५० | ३२५ | २७५ | १८० | १४० | १५० | १२० | रु३०००००।०० | रु.१५००००।०० |

ढुंगा वा ईंटाको पर्खाल प्रति रनिङफिट रु. २००।-

### घ) संरचनाको ह्रास कट्टी दर (प्रतिशतमा)

| संरचनाको किसिम → / संरचनाको आयु ↓ | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

## अनुसुची २
## मालपोत( भुमीकर)

१) मालपोत वा भुमी कर : आ.व. २०७५।०७६ पुर्वको बक्यौता तिर्न बाँकिमा मात्र मालपोत वा भुमीकर तपशिल बमोजिम लाग्ने छ :

| सि.नं | विवरण | वार्षिक प्रति कठा रु. |
|---|---|---|
| १. | राजमार्गको दायां वायां राजमार्गलाई छोएको जग्गा | ५० |
| २. | क्षेत्रीय बाटोको दायां वायां क्षेत्रीयबाटोलाई छोएको जग्गा | ३० |
| ३. | अन्य प्रति कठा | २० |

## अनुसुची ३
## घर जग्गा वहालकर

कुनै ब्यक्ति वा संस्थाले भवन, घर,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा लगाएमा नगरपालिकाले त्यसरी वहाल लगाउने धनिबाट वहाल रकमको १० प्रतिशतले हुने रकम घर जग्गा वहालकर वापत संकलन गर्ने छ ।

## अनुसूची ४
## ब्यवसाय कर

वागमती नगरपालिकाले देहाय बमोजिम ब्यवसायमा देहाय वमोजिम कर संकलन गर्ने छ :

१. पेट्रोलियम पदार्थ विकी गर्ने :

| सि.नं | ब्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | पेट्रोल पम्प | २०००० |
| २. | ग्यास डिलर | ३००० |

२. निर्माण ब्यवसाय :

| सि.नं | ब्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | क वर्ग | २०००० |
| २. | ख वर्ग | १५००० |
| ३. | ग वर्ग | १०००० |
| ४. | घ वर्ग | ५००० |

३. निजि विद्यालय :

| सि.नं | ब्यसायको किसिम | दर्ता तथा नविकरण कर वार्षिक रु. |
|---|---|---|
| १. | पुर्व प्राथमिक विद्यालय | ५००० |
| २. | प्राथमिक विद्यालय | १०००० |
| ३. | आधारभुत विद्यालय | १५००० |
| ४. | माध्यमिक विद्यालय | २०००० |
| ५. | उच्च माध्यमिक विद्यालय | २५००० |
| ६. | क्याम्पस( जोड २ भन्दा माथि) | ३०००० |

४. निजि क्षेत्रका बैंक तथा वित्तिय संस्था :

| सि.नं | ब्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | क वर्ग | ३०००० |
| २. | ख वर्ग | २५००० |
| ३. | ग वर्ग | २०००० |
| ४. | घ वर्ग | १५००० |
| ५. | वित्त कम्पनी | १०००० |
| ६. | धितोपत्र कारोवार | १०००० |
| ७. | मनिएक्स्जेन्ज तथा विदेशी मुद्रा सटही। आइ एम इ | ५००० |
| ८. | लघु वित्त कम्पनीहरु | १०००० |

५. सहकारी संस्था :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | बचत तथा ऋण सहकारी संस्था | १००००।०० |
| २. | दुग्ध उत्पादन सहकारी संस्था | ३०००।०० |
| ३. | कृषि सहकारी संस्था | २५००।०० |

६. व्यवसायिक परामर्श सेवा प्रदान गर्ने व्यक्ति :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १ | चिकित्सक | १५०० |
| २ | कविराज | १२०० |
| ३. | इन्जिनियर | १००० |
| ४. | कानून व्यसायि | ५०० |
| ५. | दन्त चिकित्सक | १००० |
| ६. | अनुसन्धान कर्ता तथा परामर्श दाता | ७०० |
| ८. | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ७०० |
| ९. | विमा एजेन्ट | १०० |
| १०. | सर्भेएर | ५०० |
| ११ | अनुवादक | ५०० |
| १२. | पशु चिकित्सक | १००० |
| १३. | शेयर दलाल | ५०० |

७. विज्ञापन कर : नगरपालिकाले देहाए बमोजिम विज्ञापन कर संकलन गर्ने छ।

| सि.नं | व्यसायको किसिम | करको दर रु. ( वार्षिक) |
|---|---|---|
| १. | वाल पेन्टिंग प्रति वर्ग फिट ( वार्षिक) | ५।०० |
| २. | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट(वार्षिक) | ८०।०० |
| ३. | ग्लो साइन विद्युतिय बोर्ड प्रति वर्ग फिट( वार्षिक) | ९०।०० |
| ४. | ब्यानर गेट प्रति हप्ता | ५००।०० |

८. व्यवसायिक कृषि लाग्ने कर : देहाय बमोजिम कृषिजन्य उत्पादनको व्यापरिक प्रयोजनको लागि खरिद विक्रिमा कारोबारको आधारमा देहाय बमोजिम कर लाग्ने छ :

| सि.नं | व्यसायको किसिम | करको दर रु. |
|---|---|---|
| १. | धान प्रति क्विन्टल | १०।०० |
| २. | चामल प्रति क्विन्टल | १५।०० |
| ३. | दाल प्रति क्विन्टल | २०।०० |
| ४. | मकै प्रति क्विन्टल | १०।०० |
| ५. | गहु प्रति क्विन्टल | १०।०० |
| ६. | तोरी प्रति क्विन्टल | २०।०० |
| ७. | तरकारी प्रतिक्विन्टल | १०।०० |
| ८. | अदुवा । बेसार । तरुल प्रतिक्विन्टल | १०।०० |
| ९. | अन्य प्रतिक्विन्टल | ७।०० |

९. निकासी जन्य ब्यापारमा लाग्ने  कर : देहाय बमोजिमको निकासी ब्यापारमा देहाय कमोजिम कर लग्ने छ ।

| सि.नं | ब्यसायको किसिम | करको दर रु. |
|---|---|---|
| १ | ह्युमपाइप रिंग ४५ से.मी. भन्दा सानो गोलाई भएको प्रति गोटा | ३५०।०० |
| २ | ह्युमपाइप रिंग ४५ से.मी. र सो भन्दा ठुलो गोलाई भएको प्रति गोटा | ५००।०० |
| ३ | सिमेन्ट टायल प्रति ट्रक | २००।०० |
| ४. | सिमेन्ट टायल प्रति ट्राक्टर | १००/०० |
| ५ | सिमेन्ट टायल प्रति टायर | २०।०० |
| ६. | माटोको टायल प्रति ट्रक | १००।०० |
| ७. | माटोको टायल प्रति ट्राक्टर | ५०/०० |
| ८. | माटोको टायल प्रति टायर | १०।०० |
| ९. | टेबल कुर्सि प्रति गोटा | २०।०० |
| १०. | झाडु प्रति बन्डल | ७५।०० |
| ११. | खैनी प्रति बन्डल | २५।०० |
| १२. | दराज पलंग प्रति गोटा | २०।०० |
| १३. | टमटार प्रति टोकरी | ५।०० |
| १४. | अन्डा प्रति कार्टुन | १०।०० |
| १५. | रोंगा,भैसी,गाई,गोरु प्रति गोटा | ३०।०० |
| १६. | खसी,बोका,बाख्रा, प्रति गोटा | १५।०० |
| १७. | बंगुर, सुँगुर प्रति गोटा | २०।०० |
| १८. | हाँस, कुखुरा, परेवा प्रति गोटा | १०० |
| १९. | मिठा प्रतिक्विन्टल | २०।०० |

१०. अन्य ब्यवसाय तथा उद्योग तथा सेवा क्षेत्र :  तपशिल बमोजिम वार्षिक कर लागइने छ ।

| सि.नं | ब्यसायको किसिम (पुजिको आधारमा) | दर्ताको हकमा ब्यवसाय संग सम्वन्धित चालु पुंजि स्वघोषणाको आधार | नविकरणको हकमा ब्यवसायको आर्थिक कारोवारको आधार |
|---|---|---|---|
| १. | रु. ५ लाख सम्म पुंजिभएको | १००० | १००० |
| २. | रु. ५ लाख भन्दा बढी रु.२० लाख पुंजि भएको | २५०० | २५०० |
| ३. | रु. २० लाख भन्दा बढी रु.५० लाख सम्म पुंजि भएको | ५००० | ५००० |
| ४. | रु. ५० लाख भन्दा बढी रु.१ करोड सम्म पुंजि भएको | १५००० | १५००० |
| ५. | रु १ करोड भन्दा माथि पुंजि रु.५ करोड सम्म पुंजी भएको | २०००० | २०००० |
| ६. | रु.५ करोड भन्दा माथि पुंजी भएको | ३०००० | ३०००० |
| ७. | मदिराजन्यको हकमा ५० प्रतिशतले कर थप हुने | | |

अनुसुची ५
सावरी कर
वागमती नगरपालिकाले देहाय बमोजिम वार्षिक सवारी कर संकलन गर्ने छ :

| सि.नं. | सवारी साधनको नाम | वार्षिक सवारी कर रु. |
|---|---|---|
| १. | टेम्पो । मयुरी । ट्याक्टर | १०००/- |
| २. | मोटरसाईकल, स्कुटर | ५००/- |
| ३. | ठेला/रिक्सा | १००/- |
| ४. | इजाजत शुल्क | २००/- |
| ५. | पावर टिलर | १००/- |

## अनुसुची ६
## वहाल विटौरी शुल्क

वागमती नगरपालिकाले देहाय बमोजिम  वहाल विटौरी शुल्क संकलन गर्ने छ :

१) सोल्टी बजार :

| सि.नं | प्रकार | वार्षिक शुल्क दर रकम रु. ( प्रति वर्ग फिट) | आ.व. २०७४।७५ बुझाउन बांकीको हकमा प्रतिवर्ग फिट वार्षिक शुल्क दर रकम रु. तपशिल बमेजिम हुने छ । |
|---|---|---|---|
| १). | नहरको पुलदेखी पश्चिम मुख्य बाटो पशुपती कार्की ग्रील पसल सम्म | ७।00 | ४।00 |
| २) | शाखा सडक मन्दिरदेखि गिता खड्काको पसल सम्म ( दक्षिण तर्फ) | ५।00 | ३।00 |
| ३) | वडा कार्यालय पछाडिको बाटो देखि तरकारी पसल सम्म ( कान्छि बजार) | ३।00 | २।00 |
| ४) | फुसकोघर, अति गरिव र विपन्न | 0।00 | 0।00 |

२) वागमती ऐश्वरे नगर बजार :

| सि.नं | प्रकार | वार्षिक शुल्क दर रकम रु .( प्रति वर्ग फिट) |
|---|---|---|
| १). | पक्कि संरचना | ७।00 |
| २) | अर्धपक्कि | ४।00 |
| ३) | काठको संरचना | २।00 |
| ४) | फुसको घर | 0।00 |

३) सेउली बजार :

| सि.नं | प्रकार | वार्षिक शुल्क दर रकम रु .( प्रति वर्ग फिट) |
|---|---|---|
| १). | पक्कि संरचना | ५।00 |
| २) | अर्धपक्कि | ३।00 |
| ३) | काठको संरचना | १।00 |
| ४) | फुसको घर | 0।00 |

## अनुसुची ७
## पार्किंग शुल्क

वागमती नगरपालिकाले वनाएको वा व्यवस्था गरेको पार्किंग स्थलमा पार्किंग गरे वापत  देहाय बमोजिमको सवारी साधनमा  देहाय बमोजिम पार्किंग शुल्क लाग्ने छ ।

| सि.नं. | सवारी साधनको नाम | शुल्क रु. |
|---|---|---|
| १. | बस,ट्रली, लरी हेभी गाडीमा | ३५/- |
| २. | कार जिप | २५/- |
| ३. | टेम्पो | २0/- |
| ४. | मिनिवस | ३0/- |
| ६. | मोटरसाईकल, स्कुटर | १0/- |
| ७. | ट्रयाक्टर | १५/- |
| ८. | पावर टिलर | १0/- |

## अनुसुची ८
## जडीवुटी, कवाडी र जिवजन्तु कर

वागमती नगरपालिकाले देहाय बमोजिमको व्यवसायिक बस्तुमा देहाय बमोजिम जडीबुटी, कवाडी र जिवजन्तु कर संकलन गर्नेछ ।

| सि.नं | वस्तुको प्रकार | कर दर रकम रु. |
|---|---|---|
| [illegible] | परालावनकसाछ्वाली प्रति ट्रक | ५00।00 |
| [illegible] | परालावनकसाछ्वाली प्रति ट्रयाक्टर | २00।00 |
| [illegible] | परालावनकसाछ्वाली प्रति गाडा | ५0।00 |
| [illegible] | बांस प्रति गोटा | ५।00 |
| [illegible] | जुट र प्लाष्टिकको बोरा प्रति के.जी. | १।00 |
| [illegible] | काठ दाउरा तथा गोलिया प्रतिक्विन्टल | ५0। प्रति क्युफिट रु.१0 |
| [illegible] | जंगली जडिबुटी प्रति बोरा | २0।00 |

बागमती नगरपालिका
नगर कार्यपालिका
कर्मैया,
२ नं. प्रदेश

| | | |
|---|---|---|
| ८ | कुरिलो प्रति बोरा | २०।०० |
| ९ | पिना प्रति बोरा | १०।०० |
| १० | कवाडी प्रति छ चक्के ट्रक | १०००।०० |
| ११ | कवाडी १० प्रति चक्के ट्रक | १५००।०० |
| १२ | कवाडी प्रति ट्राक्टर | ३००।०० |
| १३ | कवाडी प्रति टायर | १००।०० |

अनुसुची ९
सेवा शुल्क वा दस्तुर

वागमती नगरपालिकाले देहाय वमोजिम सेवाशुल्क संकलन गर्ने छ :

१) हाटवजार सेवा शुल्क : नगरपालिकाले ब्यवस्था गरेको हाट वजारमा अस्थायी र पटके रुपमा लाग्ने देहायको पसलमा देहाय वमोजिम सेवा शुल्क लग्ने छ :

| सि.नं. | मालसामानको विवरण | सेवाशुल्क दर रु. |
|---|---|---|
| १ | घोडा १ को | ९०.०० |
| २ | गोरु १ को | ९०.०० |
| ३ | राँगा, भैसी गोटा १ को | ९०.०० |
| ४ | खसी वोका गोटा १ को | ५०.०० |
| ५ | कुखुरा १ किलोभन्दा माथिको | २०.०० |
| ६ | कुखुरा १ किलोभन्दा मुनिको | ५.०० |
| ७ | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | ५००.०० |
| ८ | खसी काटी वेच्ने सँग प्रति गोटा | १५०.०० |
| ९ | सुगुर वंगुर प्रति गोटा | २००.०० |
| १० | हाँस, कुखुराको मासु विक्री पसल | १००.०० |
| ११ | राँगा भैसीको छाल १ को | ५०.०० |
| १२ | आलो माछा प्रतिपसल | ६०.०० |
| १३ | माछा मासु पकाए वेच्ने पसल १ को | ५०.०० |
| १४ | आलु,प्याज र अदुवा टोकरी १को | २०.०० |
| १५ | अम्वा, आरु, लिचि र आरुवखडा टोकरी १को | १०.०० |
| १६ | आलु,फुलकोभी, वन्दाकोभी , भान्टा, प्याज,टमाटर,मुला लगाएतको अन्य तरकारी पसल १ को | ३०.०० |
| १७ | आलु,कोभी,भान्टा, टमाटर लगाएतको बाहिर बाट आउने तरकारी प्रति टोकरी १को | १०.०० |
| १८ | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०.०० |
| १९ | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०.०० |
| २० | काउली कटहर रुखकटहर टोकरी १ को | १०.०० |
| २१ | बोडी, मास, मस्याङ्ग, भटमास, बदाम र केराउ प्रति पसल १ को | १५.०० |
| २२ | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी टोकरी १को | १५.०० |
| २३ | स्कुस,फर्सि, लौका साग र तोरिङ्ग टोकरी १ को | १०.०० |
| २४ | उखु, निवुवा, भोगटे, कागती टोकरी १ को | १०.०० |
| २५ | मकै,गहुँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | ३०.०० |
| २६ | घीउ प्रति किलो | ५.०० |
| २७ | हजाम पसल १ को | ३०.०० |
| २८ | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०.०० |
| २९ | फलाम र फलामवाट वनेका कृषि र घरेलु सामान पसल, आरण , साध लगाउने दोकान १ को | ३०.०० |
| ३० | औषधि वा जडीवुट्टि दोकान १ को | २०.०० |
| ३१ | वाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा वाँसवाट वनेको सामान पसल १ को | २०.०० |
| ३२ | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट वाट वनेको सामान पसल १को | १५.०० |
| ३३ | चिराइतो र सिन्कौली तथा कुरिलो टोकरी १ को | ४०.०० |
| ३४ | वजारमा रोटी पकाई वेच्ने दोकान १ को | २०.०० |
| ३५ | वजारमा मिठाई पकाई विक्रीगर्ने दोकान १ को | ३०.०० |
| ३६ | राडीपाखी गलैचा दोकान १ को | १००.०० |
| ३७ | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | २००.०० |
| ३८ | लता कपडा पसल १ को | ६०.०० |
| ३९ | सुर्ति विडी दोकान १ को | ३०.०० |
| ४० | मिठा सखर दोकान १ को | ३०.०० |
| ४१ | किराना पसल १ को | ३०.०० |
| ४२ | भाडाकुडा पसल १ को | ७०.०० |
| ४३ | औंठी लगायत धातुका गहना पसल १ को | ३०.०० |
| ४४ | चुरा तथा मनिहरा पसल १ को | ३०.०० |
| ४५ | जुत्ताचप्पल पसल १ को | ३०.०० |
| ४६ | वरफ र चटपट्टे पसल १को | ३०.०० |
| ४७ | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ३०.०० |
| ४८ | सटरमा पसल राख्ने पसल १ को | १५०.०० |

२) सडक पुर्वाधार उपयोग सेवा शुल्क : नगरपालिकाले निर्माण गरेको, नगरपालिकाले मर्मत सम्भार गर्नु पर्ने तथा नगरपालिकामा हस्तान्तरण भइ आएका तथा नगरपालिकाले तोकेको सडक उपायोग गरेवापत भारी सवारी साधनको हकमा तपशिल बमोजिम सडक पुर्वाधार उपोग सेवा शुल्क लाग्नेछ । यस सेवा शुल्कको दरको थप व्यख्या नगरकार्यपालिकाले गर्ने छ ।

| सि.नं | दहत्तर बहत्तर , कृषि जन्य, मानिस बोकी ब्यवसायिक प्रयोजनको लागि प्रयोग हुने तथा अन्य समान बोकी ब्यवसयिक प्रयोजनको लागि हिड्ने सवारी साधनको हकमा। | सेवा शुल्कको कर प्रति पटक दर रकम रु. |
|---|---|---|
| १. | ट्याक्टर प्रति पटक | ४००।०० |
| २. | ट्रक छ चक्के प्रति पटक | १०००।०० |
| ३. | ट्रक १० चक्के प्रतिपटक | १५००।०० |
| ४. | बस | १००।०० |
| ५. | मिनि बस। माइको। वीगंर । हायस । सुमो | ५०।०० |
| ६. | मयुरी | १०।०० |
| ८. | तीन पाग्रे टेम्पो | १०।०० |
| विवाह , भ्रमण , संघसंसथान , सरकारी गाडिहरु तथा कृषि कार्यमा प्रयोग हुने सवारी साधनको हकमा सेवा शुल्क लिन नपाइने । | | |

३. अचल सम्पती मूल्यांकन सेवा शुल्क :

कुनै ब्यक्ति , संघ ;संस्थाले अचल सम्पती मुल्यांकन गरिदन अनुरोध गरेमा नगरपालिको देहाय बमोजिम अचल सम्पती मुल्यांकन सेवा शुल्क संकलन गर्ने छ :

| |
|---|
| प्रति हजार मुल्यांकन रकमको रु.००।५० ( पचास पैसा) ले हुने रकम |

४.सिफारिश सम्बन्धी सेवा शुल्क : बागमती नगरपालिकाले देहायबमोजिमको सिफारिशमा देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ :

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १. | नागरिकता सिफारिश | ५०।० |
| २ | भारत जाने सिफारिस | ३००।० |
| ३ | अन्य मुलुक | १०००।० |
| ४. | नाम संशोधन सिफारिस | २००।० |
| ५ | विघुत जडान सिफारिस | ३००।० |
| ६ | उद्योग दर्ता सिफारिस | १०००।० |
| ७ | वसोवास प्रमाणित | २००।० |
| ८. | जन्ममिति प्रमाणित सिफारिस | २००।० |
| ९ | घर निर्माण सम्पन्न प्रमाण पत्र | ५००।० |
| ११. | नक्सापास नामसारी सिफारिस | ५००।० |
| १२ | विघुत नामसारी/धारा नामसारी सिफारिस | ३००। |
| १३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | १०००।० |
| १४. | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ७००।० |
| १५. | अंग्रेजी सिफारिस दिनुपर्दा आयश्रोत र अचलसम्पति बाहेकमा | ५००।० |
| १६. | छुट्रजग्गा नामसारी /सिफारिश | ५००।० |
| १७. | संस्था दर्ता सिफारिश | ५००।० |
| १८. | धाराजडान सिफारिश | ३००।० |
| १९. | दलित जनजाती सिफारिश | २००।० |
| २०. | चारित्रिक सिफारिश | २००।० |
| २१. | जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश | ३००।० |
| २२ | चरकिल्ला प्रमाणित सेवा शुल्क | ५००।०० |
| २३ | जग्गा नामसारी | ५००।- |
| २४. | घरबाटो सिफरिश | ५००।- |
| २५. | मालपोत कार्यालयलाई घर कायमको सिफारिश दस्तुर | ३००।- |
| २६. | नाता प्रमाणित | ५००।- |
| २७. | अन्य सिफारिश | ३००।- |

५. फोहोरमैला व्यवस्थापन सेवाशुल्क : नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा उपलब्ध गराएको क्षेत्रमा देहाय बमोजिम फोहोरमैला व्यवस्थापन सेवाशुल्क संकलन गर्ने छ :

| सि.नं | किसिम | मसिक सेवा शुल्कको दर रु. |
|---|---|---|
| १. | होटल( खाना, खाजा) सहितको | १०० |
| २. | मदिरा पसल | १५० |
| ३. | किराना पसल | ५० |
| ४. | लज सहितको होटल | ३०० |
| ५. | भडा वाला | ५० |
| ६. | घरवाला | ५० |
| ७. | चिया नास्ता पसल | ५० |
| ८. | अन्य पसल | ५० |

६. अमिन सेवाशुल्क : नगरपालिकाले उपलब्ध गराएको अमिनको हकमा दोहाए बमोजिम सेवा शुल्क लिने छ :

| सि.नं | किसिम | शुल्कको दर रु. |
|---|---|---|
| १ | अमिन सेल्क शुल्क प्रति पटक ५ कठा सम्म | २५००/०० |
| २. | अमिन सेल्क शुल्क प्रति पटक ५ कठा भन्दा माथि | ३०००/०० |

## अनुसुची १०
## दस्तुर

नगरपालिकाले देहाएको विषयमा देहाए बमोजिम दस्तुर संकलन गर्ने छ।

१. न्यायिक दस्तुर : प्रचलित कानुन बमोजिम हुने छ ।अन्यको हकमा रु.१००।००

२.नक्सा पास दस्तुर :

नगरपालिका क्षेत्र भित्र भवन, पर्खाल तथा यस्तै संरचना निर्माण गर्दा देहाएमा उल्लेख भए बमोजिम नक्सा पास दस्तुर संकलन गर्नु पर्नेछ साथै नक्सा पास नभइ निर्माण सम्पन्न भइसकेका पुराना घरको अभिलेखिकरण गराउन समेत सोही दरमा नक्सा पास दस्तुर लाग्नेछ ।साथै नक्सा पास गर्दा तोकिए बमोजिमको कार्यको लागि देहाएमा उल्लेख भए बमोजिम दण्ड जरिवाना पनि लाग्ने छ।

अ). नक्सापास दस्तुर

(क) आवसिय भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला | भूई तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको। | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २. | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको। | - | ४।- | ५।- | ६।- | - |
| ३ . | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको। | - | ३।- | ४।- | - | - |
| ४ . | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन। | - | १।- | १।- | - | - |

(ख) नक्सापास दस्तुर व्यापारिक भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला | भूईं तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला ( प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको । | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २. | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ६।- | ७।- | ८।- | - |
| ३. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ४।- | ५।- | - | - |

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ्ग फिट रु. |
|---|---|---|
| १. | सिमेन्ट जोडाईको कम्पाउण्डवाल | २।- |
| २. | माटो जोडाईको कम्पाउण्डवाल | १।- |
| ३. | तारवारको कम्पाउण्डवाल | -।५० |

आ) दण्डजरिवाना :

(क) भवन नयाँ निमार्ण

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

(ख) भवन तला थपमा

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १. | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।
तर २०७६ असार मसान्त सम्म पुराना घरहरु अभिलेकिकरण गरेमा देहाए बमिजिम दस्तुर लाग्ने छ ।

| सि.नं | विवरण | दर रु. |
|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको प्रति वर्ग फिट | २।०० |
| २ | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको प्रति वर्ग फिट | १।५० |
| ३.. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको प्रति वर्ग फिट। | १।०० |
| ४.. | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन एक मुस्ट | ५००।०० |

३. संघ । संस्था दर्ता तथा नविकरण दस्तुर : नगरपालिकाले देहाएवमोजिको संघसंस्था दर्ता गर्दा तथा नविकरण गर्दा देहाए बमोजिम दस्तुर लिने छ :

| सि.नं | किसिम | दस्तुर दर रु. |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था | २००० |
| २. | राष्टिय गैर सरकारी संघ संस्था | १००० |
| ३. | क्लव | ५०० |
| ४. | पेशागत संघ संस्था | ५०० |
| ५. | अन्य संघठित संस्था | ५०० |

४. आयश्रोत प्रमाणित दस्तुर :

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | रु.२ लाख सम्मको लागि | ५००।- |
| २. | रु.२ लाख १ देखि रु.१० लाख सम्मका | १०००।- |
| ३. | रु.१० लाख १ देखि रु.२० लाख सम्मका | २०००।- |
| ४. | रु.२० लाख १ देखि रु.५० लाख सम्म | ३०००।- |
| ५. | रु.५० लाख १ देखि माथि | ५०००।- |

५. व्यक्तिगत घट्ना दर्ता दस्तुर :-

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | ३५ दिन भित्रको घटना दर्तामा | दस्तुर नि:शुल्क |
| २. | ७० दिन भित्रके घटना दर्तामा | २०।- दस्तुर लाग्ने |
| ३. | त्यसपछिको घटना दर्तामा | ५० दस्तुर लाग्ने |

## अनुसुची ११
## वातावरण प्रदुषण शुल्क

नगरपालिकाले देहाए बमोजिम वातावरण प्रदुषण शुल्क संकलन गर्ने छ।

| सि.नं | किसिम | मासिक दर रु. |
|---|---|---|
| १. | कसर उद्योग | ५०००।०० |
| २. | ह्युम पाइप उद्योग | ५०००।०० |
| ३. | कुखुरा फर्म प्रति हजार | १००।०० |
| ४. | स मिल | ३००।०० |